
## बान्नीगढी जयगढ गाउँपालिका

# कृषि तथा पशु विकास रणनीति २०७५




**बुझाउने**

जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानिय पहल (ली बर्ड)

मालिका विकास संघ

२०७५

विषयसूचि

१. पृष्ठभूमि ..... 4
२. रणनीति तयारीको विधि र प्रकृया ..... 4
चरण १ : विज्ञ टालीहरुको कार्यदल गठन ..... 4
चरण २ : उपलब्ध तथ्याङ्कहरुको सङ्कलन र विश्लेषण ..... 4
चरण ३ : गाउँपालिका तथा स्थानीय सरोकारवालाहरूसँग अन्तरकृया ..... 4
चरण ४ : विज्ञ समुहद्वारा स्थलगत अवलोकन तथा समूहगत छलफल ..... 5
चरण ५ : माटोको नमूना संकलन तथा परीक्षण र विश्लेषण ..... 5
चरण ६ : संकलित सूचनाको विश्लेषण तथा प्रतिवेदन लेखन ..... 5
चरण ७ : प्रस्तुतीकरण, पृष्ठपोषण तथा परिमार्जन ..... 5
३. स्थानीय परिवेश ..... 5
हावापानी ..... 6
भू-उपयोग ..... 7
माटोको अवस्था ..... 8
कृषि ..... 9
स्वास्थ्य र सरसफाई ..... 9
भौतिक पूर्वाधार ..... 9
सहकारी संस्था, नीजि व्यवसाय र बजार व्यवस्था ..... 10
गैरसरकारी संघसंस्था ..... 10
कृषि क्षेत्रका मुख्य समस्या र चुनौतीहरू ..... 10
४. रणनीतिक दिशा ..... 10
परिकल्पना ..... 10
मार्गदर्शक सिद्धान्तहरू ..... 11
लक्ष्य ..... 11
५. कार्यक्रमहरू ..... 11
१. खाद्य सुरक्षा तथा जीविकोपार्जन सुधार कार्यक्रम ..... 11
२. व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम ..... 12
३. कृषि बजार तथा पुर्वाधार विकास कार्यक्रम ..... 14
४. कृषक समूह, सहकारी तथा निजी व्यवसायिहरूको क्षमता अभिवृद्धि कार्यक्रम ..... 16
अतिरिक्त कार्यक्रमहरू ..... 18
१. केरा खेती ..... 18

२. कफि खेती ..... 18
३. अलैंची खेती ..... 19
४. कागती खेती ..... 19
५. सिमी र केराउको बीउ उत्पादन ..... 20
६. भैंसी पालन ..... 21
७. जलवायू मैत्री नमुना गाउँ ..... 21
८. महिला मैत्री कृषि यन्त्र तथा औजारहरू ..... 22
६. कार्यक्रम कार्यान्वयन नीति ..... 23
७. कार्यक्रम अनुगमन र मुल्याङकन ..... 24
अनुसूचि १ अनुमानित लागत (पाँच वर्षकालागि, मानवश्रोत बाहेक) ..... 27
कफि खेती ..... 28
महिला मैत्री कृषि यन्त्र तथा औजारहरू ..... 28
अनुसूचि २. माटो परिक्षण नतिजा ..... 28

## १. पृष्ठभूमि

संघीय गणतन्त्र नेपालको संविधान २०७३ ले व्यवस्था गरे अनुसार तीन तहका सरकारी संयन्त्र लोकतान्त्रिक पद्धतिद्वारा गठन भई संस्थागत हुने क्रममा छन् । संविधानले व्यवस्था गरे वमोजिम प्रदेश तथा गाउँपालिका र नगरपालिकाहरू छुट्टाछुट्टै सरकारको हैसियतमा संघीय कानुनसँग नबाझिने गरी नीति, कानुन तथा कार्यविधि तयार गर्न र त्यसै अनुसार कार्यक्रम बनाई कार्यान्वयन गर्न स्वतन्त्र छन् । कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत जुटाउन स्थानीय सरकार सञ्चानल ऐन २०७४ वमोजिम स्थानीय कर, सेवा शुल्क र दस्तुर संकलन गर्न सक्नेछन् । संघीय कानूनमा भएका यस किसिमका प्रावधानहरुबाट परिवर्तित सन्दर्भमा गाउँपालिका र नगरपालिकाको विकासमा स्वयम् गाउँपालिका र नगरपालिकाहरुले नै अहम् भूमिका निभाउनु पर्ने कुरा स्पष्ट छ ।

नेपालको संविधान र संघीय कानूनले निर्दिष्ट गरे वमोजिम सुदुर पश्चिम प्रदेश अन्तर्गत अछाम जिल्लाको बान्नीगढी जयगढ गाउँपालिका आफ्नै प्रयासमा यहाँका ग्रामीण समुदायको समृद्धिको प्रमुख आधारको रुपमा रहेको कषि र पशुपालन क्षेत्रको विकास मार्फत खाद्य तथा पोषण सुरक्षा र दिगो आयआर्जनका उपायहरु अवलम्वन गरी रोजगारीका अवसर सृजना गर्ने तर्फ केन्द्रित छ । यस तर्फ अग्रसर हुनका लागि दीर्घकालीन सोच, निश्चित समयसिमा भित्र हाँसिल गर्न सकिने लक्ष, स्पष्ट उद्देश्य, लक्षित कार्यक्रम, अपेक्षित उपलब्धी तथा प्रतिफल हाँसिल गर्न आवश्यक पर्ने कार्यनीती तथा प्राथमिकताहरूको पहिचान र यथार्थमा आधारित बजेट सहितको रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु पर्ने भएकाले बान्नीगढी जयगढ गाउँपालिका कृषि तथा पशु विकास रणनीति तयार गर्न अग्रसर भएको हो । यो रणनीति वास्तविक सूचना एवं तथ्यहरूमा आधारित छ र यस रणनीतिमा प्रस्ताव गरिए वमोजिम नीतिगत सुधार तथा योजना तर्जुमा, पुर्वाधारहरूको विकास, जनशक्तिको व्यवस्थापन तथा श्रोत परिचालन गरिने छ ।

बान्नीगढी जयगढ गाउँपालिकाले यस प्रकारको रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको यो पहिलो प्रयास हो । यसको तयारीका क्रममा यस गाउँपालिकामा उपलब्ध सुचना एवं तथ्याङ्कहरूका अतिरिक्त आवश्यक थप तथ्याङ्कहरू विज्ञहरूबाट स्थलतग अध्ययन, अवलोकन र स्थानीय बुद्धिजीविसँगको अन्तरक्रियाका माध्यमबाट संकलन गरिएको हो । अध्ययनको ऋममा यस गाउँपालिकाका पधाधिकारीहरू, कर्मचारीहरू, समुदायका अगुवा एवं बुद्धिजीविहरू, सकृय कृषक समूह एवं सहकारी र निजीक्षेत्रसँग सम्बन्धित व्यवसायीहरूसँगको छलफलबाट पनि सङ्कलन गरिएको थियो । यस रणनीतिक योजनामा यहाँको वर्तमान समस्या र चनौतीहरू जस्तैः युवा शक्तिको पलायन, जग्गाको बढ्दो बाँझोपना, जलवायु परिवर्तन र यसले कृषि क्षेत्रमा पारेको नकारात्मक असर एवं यहाँ भए गरेका सकारात्मक प्रयासहरू, प्राविधिक रुपमा सम्भव देखिएका अवसरहरू पर्याप्त छलफल र बिश्लेषण पश्चात् व्यवहारिक रुपमा सञ्चालनमा ल्याउन सकिने कार्यक्रमहरूलाई प्राथमिकताका साथ पहिचान गरी कार्यान्वयन गर्न अपनाउनुपर्ने विधिहरुकाबारेमा प्रष्ट्याउने प्रयास गरिएको छ ।

## २. रणनीति तयारीको विधि र प्रकृया

बान्नीगढी जयगढ गाउँपालिकाको यो पञ्चवर्षिय कृषि तथा पशु विकास रणनीति २०७५ सबै पक्षको छलफल, विश्लेषण तथा सरोकारवालाहरूको सुझाउ समेटिने गरी निम्न सात चरणको विधी र प्रकृया अपनाई तयार पारिएको हो ।

### चरण १ : विज्ञ टालीहरूको कार्यदल गठन

बान्नीगढी जयगढ गाउँपालिको कृषि तथा पशुपालन क्षेत्रको वृहत सम्भाव्यताका आधारमा वागवानी विज्ञ, दिगो एवं जलवायु मैत्री कृषि विज्ञ, माटो तथा भू-सुचना (जी.आई.एस) विज्ञ र पशु विकास विज्ञ लगायत यस गाउँपालिकामा कार्यरत सरकारी तथा गैरसरकारी क्षेत्रसँग सम्बद्ध कर्मचारीहरूको प्रत्यक्ष संलग्नतामा पाँच सदस्य रहेको विज्ञ टोली चयन गरिएको थियो ।

### चरण २ : उपलव्ध तथ्याङ्कहरूको सङ्कलन र विश्लेषण

विज्ञहरुद्वारा विविध स्रोतमार्फत उपलव्ध जानकारीहरू सङ्कलन र प्रारम्भिक अध्ययन गरियो ।

### चरण ३ : गाउँपालिका तथा स्थानीय सरोकारवालाहरूसँग अन्तरकृया

यस चरणमा गाउँपालिका अध्यक्ष लगायत सम्पूर्ण स्थानीय नेतृत्व तथा विषयगत कर्मचारीहरूको विचार र सुझाव संकलन गरियो । बान्नीगढी जयगढ गाँउपालिकामा कार्यरत विभिन्न संघ, सँस्था, सहकारी र निजी क्षेत्रसँग पनि अन्तरकृया गरी उनीहरूको विचार, अभिरुची र रणनीतिमा समेट्नुपर्ने कुराहरूका बारेमा जानकारी संकलन गर्नेकाम भयो ।

**चरण ४ : विज्ञ समुहद्वारा स्थलगत अवलोकन तथा समूहगत छलफल**

बान्नीगढी जयगढका गाउँपालिकाको ६ वटै वडामा उल्लेखित विज्ञहरूको टोलीले स्थलगत भ्रमण गरी अगुवा किसान, किसान समूहरू, र व्यवसायिहरूसँग अन्तरक्रिया गरी आवश्यक तथ्याङ्क तथा सूचना संकलन गर्ने काम भयो। छलफलमा हरेक समूहसँग हाल लगाइएका बालीहरू र तिनको उत्पादनको अवस्था, पशुपालनको स्थिति, सिंचाइ, मलखाद, रोगकिरा, नयाँ बाली/व्यवसायमा किसानको अभिरुचि, कृषिमा जलवायु परिवर्तनको असर, लगानिको स्थिति, बजार तथा बजारिकरण आदि विषयहरूमा अन्तरक्रिया भएको थियो।

**चरण ५ : माटोको नमूना संकलन तथा परीक्षण र विश्लेषण**

बान्नीगढी जयगढ गाँउपालिकाका ६ वटै वडा, र त्यहाँ लगाइने बाली, सिंचाइ सुविधा र व्यवस्थापन पद्धतिका आधारमा विभिन्न खण्डमा विभाजन गरी सबै खण्डको प्रतिनिधित्व हुने गरी हरेक खण्डबाट कम्तिमा पाँचवटा नमूना पर्ने गरी १४४ वटा माटोका नमुना संकलन गरीयो। त्यसको परीक्षण ली-बर्डको माटो परीक्षण प्रयोगशालामा गरेर उपलव्ध नतिजाहरूको माटो विज्ञद्वारा विश्लेषण गर्ने काम भयो।

**चरण ६ : संकलित सूचनाको विश्लेषण तथा प्रतिवेदन लेखन**


सूचना संकलन पश्चात संकलित जनकारी र व्यक्तिगत विज्ञताका आधारमा सम्पूर्ण टोलीसँगै बसेर बान्नीगढी जयगढ गाउँपालिकाको भावि कार्यक्रमहरूको खाका तयार पार्ने काम गरियो। यसै खाका अनुसार संलग्न व्यक्तिहरूद्वारा सम्बन्धित खण्डहरूमा काम गरी बान्नीगढी जयगढ गाउँपालिकाको यस कृषि तथा पशु विकास रणनीति २०७५ तयार पारीयो।

**चरण ७ : प्रस्तुतीकरण, पृष्ठपोषण तथा परिमार्जन**

ली-बर्ड तथा मालिका विकास संघ नेपालद्वारा पालिका समक्ष मस्यौदा प्रस्तुतीकरण गरे पश्चात पालिकाका तर्फबाट दिइएका सुझाव अनुसार आवस्यक परिमार्जन गरी यो रणनीतिलाई अन्तिम रुप दिइयो।

## ३. स्थानीय परिवेश


बान्नीगढी जयगढ गाउँपालिका अछाम जिल्लाको ४ वटा नगरपालिका र ६ वटा गाउँपालिका गरी जम्मा १० स्थानीय निकाय मध्येको एक हो। पूर्वमा रामारोशन गाउँपालिका, पश्चिममा साँफेबगर नगरपालिका, उत्तरमा मेल्लेख गाउँपालिका र दक्षिणमा मंगलसेन नगरपालिका रहेको बान्नीगढी जयगढ गाउँपालिकाको क्षेत्रफल ५८.२६ वर्ग कि.मि.(५८२० हेक्टर) रहेको छ। साविकका गाज्रा, जनालीकोट, बरदादेवि, तिमिल्सेन, कालिका र दर्ना गा.वि.स.हरुलाई मिलाएर बनाइएको बान्नीगढी जयगढ गाउँपालिका साविकका ६ वटा गा.वि.स.नै ६ वटा वडामा विभाजित छन्। बि.सं. २०७५ मा गरेको घरधुरी सर्वेक्षण अनुसार बान्नीगढी जयगढ गाउँपालिको कुल घरधुरी संख्या ३,३२० रहेको छ भने कुल जनसंख्या २१,६२९ रहेको छ। कुल जनसंख्याको ४९ प्रतिशत महिला र ५१ प्रतिशत पुरुष रहेका छन्। गाउँपालिकाको जम्मा क्षेत्रफल मध्य ७५ प्रतिशत भू-भाग भिरालो रहेको भएतापनि करीब ४१ प्रतिशत (२४ वर्ग किलोमिटर) जमिन कृषि योग्य छ। यहाँका ८० प्रतिशत भन्दा बढि भरपरिवार कृषि पेशामा निर्भर छन्। कृषिमा संलग्नता अधिकतम भएतापनि खाद्यान्न उत्पादन तथा कृषिबाट हुने नगद आर्जनको स्तर निकै कम भएकाले अधिकांश घरधुरी जीविकोपार्जनका लागि अन्य स्रोतमा निर्भर छन्। रोजगारीका अन्य स्रोत मध्ये वैदेशिक रोजगारी प्रमुख रहेको छ। यस क्षेत्रका करिब ४० प्रतिशत घरधुरीका पुरुषहरू कामका लागि लामो वा छोटो समय गाउँ बाहिर जाने गर्दछन्। यद्यपी कामका लागि भारत जाने अधिकांश मानिसहरूको आम्दानी भने न्यून हुने गरेको छ।




*चित्र १: अछाम जिल्लाको स्थानीय निकायहरू*


## हावापानी

बान्नीगढी जयगढ गाउँपालिकामा समुद्री सतहबाट ६२३ दखि २५२९ मी. सम्म उचाई भएको जमिन रहेको छ (चित्र २) । गाउँपालिकाको वडा नं. ३, ५ र ६ को उल्लेख्य भाग १५०० मीटर भन्दा उच्च स्थानमा छ। त्यसैगरी वडा नं. १, २, ४, ५ र ६ का अधिकांश भू-भाग १,००० मीटर भन्दा तल रहेको छ।




*चित्र २: बान्नीगढी जयगढ क्षेत्रको उचाइ नक्शा*


विगत ३० वर्षको तथ्याङ्क केलाउँदा यस क्षेत्रमा प्रतिवर्ष अधिकतम १५९६ मिलिमिटर र न्यूनतम १४२३ मिलिमिटर पानी परेको देखिन्छ। पालिकाको दक्षिणी क्षेत्रको तुलनामा उत्तरी क्षेत्रमा अधिक वर्षा हुने गरेको देखिन्छ। यस क्षेत्रमा वर्षा मौषममा औषत ११५० मिलिमिटर र हिउँदमा औषत १३८ मिलिमिटर पानी पर्ने गरेको छ। त्यसै गरी यस क्षेत्रको तापक्रम औषतमा १२ देखि २५ डिग्री सेन्टिग्रेड रहने गर्दछ। विगत ३० वर्षको तथ्याङ्क अनुसार मनसुनी वर्षा विगतको तुलनामा नगण्य मात्रामा बढेको देखिन्छ भने हिउँदे बर्षा घट्दै गएको देखिन्छ (चित्र ३)।




*चित्र ३: बान्नीगढी जयगढ क्षेत्रमा हिउँदे वर्षाको स्थिती*

## भू-उपयोग

बान्नीगढी जयगढ गाउँपालिकामा उपलव्ध जमिनको ४१ प्रतिशतमा कृषि प्रयोजनमा उपयोग भएको छ भने करिव ३२ प्रतिशत (१८७६ हेक्टर) जमिन जंगलले ढाकेको छ। त्यसैगरी चरन क्षेत्र २३ प्रतिशत रहेको छ। आम्दानीका अवसरहरू या सेवा/सुविधाको खोजिमा मानिसहरुको बाहिरिने क्रम बढेसँगै यस क्षेत्रमा विगतमा खेतीगरिएका जमिनको करिव १० प्रतिशत भाग हाल बाँझो रहेको देखिन्छ। हाल खेती भइरहेको जमिन (करिव २०७१२ हेक्टर) मध्ये ३० प्रतिशत जमिनमा सिंचाईको व्यवस्था पुगको छ।




*चित्र ४: बान्नीगढी जयगढ क्षेत्रको भू उपयोग, सन् २०९० (बायाँ) र सन् २०१७ (दायाँ)*

गाउँपालिमा खेती गरिने जमिन मध्ये करिब ३० प्रतिशत क्षेत्रमा धान र गहुँ खेतीको खेती गरिन्छ भने करिब १० प्रतिशतमा मकै खेती, १० प्रतिशतमा कोदो, ३ प्रतिशतमा आलु खेती, २ प्रतिशतमा दलहन खेती र ०.५ प्रतिशत प्रतिशतमा तरकारी खेती

भइरहेको छ। त्यसैगरी फलफूल करिव १.५ प्रतिशतमा क्षेत्रमा र अन्य बाली (अदुवा, अलैंची, कफि लगाएतका नगदे बाली करीब २ प्रतिशत जमिनमा खेती हुदै आएको छ। २० वर्ष अगाडीको तुलनामा बान्नीगढी जयगढ क्षेत्रमा बाँझो जमिन उल्लेख्य मात्रामा बृद्धि भएको देखिन्छ (चित्र ४)।

### माटोको अवस्था


बान्नीगढि जयगढ गाउँपालिकाको सबै वडा समेट्नेगरी १४४ स्थानबाट जम्मा २१७ वटा माटाका नमुना संकलन गरी परीक्षण तथा नतिजाको विश्लेषण गर्दा यस क्षेत्रको माटो सामन्यतया बलौटे खालको रहेको पाइएको छ। सबै गाउँका माटोको नमुना जाँचको विस्तृत विवरण अनुसुचि १ मा प्रस्तुत गरिएको छ। हालसम्म यस क्षेत्रमा रासायनिक मलको प्रयोग न्यून रहेको र अत्याधिक वर्षा हुने क्षेत्र नभएकाले माटोको अम्लियपना पनि सामान्य नै रहेको देखिन्छ। त्यसैगरी कुनै कुनै गाउँमा बाहेक सबै वडामा नाइट्रोजन र फस्फोरस को अवस्थामा पनि सामान्य रहेको छ। सबैजसो वडामा पोटासको मात्रा भने केही बढी देखिन्छ तर बालीलाइ नोक्सानी पुऱ्याउने अवस्थामा छैन। लगभग सबै जसो वडाको माटोमा देखिएको एउटै समस्या भनेको प्राङ्गारिक पदार्थको कमी (तलिका १) हो। नेपालका अन्य क्षेत्रमा जस्तै बान्नीगढी जयगढ क्षेत्रमा पनि प्राङ्गारिक पदार्थको प्रमुख स्रोत भनेको गोठेमल नै हो। तर गोठेमल व्यवस्थापनको वर्तमान अवस्थालाई दृष्टिगत गर्दा घाम, पानी र भलबाट मलको गुणस्तर बचाउने र परिमाण बढाउने यथेष्ट प्रयास भएको देखिँदैन। गाई भैंसीको पिसाबको सही सदुपयोग नभएको, खेत/बारीमा लैजानु अघि मल सुकाउने गरिएको, खेत/बारीमा लगिसकेपछि पनि घामले मल सुक्ने गरेको, मल राख्ने (थुपार्ने) ठाँउ व्यवस्थित नगरिएको र बालीहरुको आवश्यकता अनुसारको परिमाण प्रयोग गर्न नसकिएको स्पष्ट देखिन्छ। वर्षौंदेखि यही क्रम चल्दै आएकाले माटोमा प्राङ्गारिक पदार्थको कमि देखिएको हो। यसले गर्दा बालीनालीलाई आवश्यक कार्वन तत्व कमि हुने र माटोमा पर्याप्त चिस्यान कायम नहुने भएकाले बाली उत्पादन कम हुने गर्दछ।

तालिका १: बान्नीगढि जयगढ गाउँपालिकाको माटोको अवश्था

| वडा नं. | पि.एच. | प्राङ्गारिक पदार्थ (प्रतिशत) | नाइट्रोजन (प्रतिशत) | फस्फोरस (प्रतिशत) | पोटास (प्रतिशत) |
|---|---|---|---|---|---|
| १ | ५.९ | १.६ | ०.१८ | २९ | १५८ |
| २ | ५.७ | १.१ | ०.१५ | २७ | १५६ |
| ३ | ६.० | १.९ | ०.२२ | ३८ | २५६ |
| ४ | ५.८ | १.८ | ०.१८ | ५८ | १९१ |
| ५ | ५.९ | १.६ | ०.१५ | ७३ | १६१ |
| ६ | ५.९ | १.९ | ०.२० | ७२ | १८५ |

***सामान्य अवश्था :*** *पि.एच. = ५.५ देखि ७.५ सम्म, प्राङ्गारिक पदार्थ = ३ देखि ५ सम्म, नाइट्रोजन = ०.१ देखि ०.२, फस्फोरस = २० देखि ५० र पोटास = ५० देखि १५० सम्म।*

माटो परीक्षणबाट प्राप्त नतिजाको विश्लेषण गर्दा गोठेमल, कम्पोष्ट तथा जैविक मलहरुको प्रयोग बढाउनु पर्ने देखिन्छ। यसो गरिएमा सबै क्षेत्रमा सबैखाले बालीहरु (धान, गहुँ, मकै, कोदो, तरकारी, फलफुल) आदिको उत्पादन पनि बढाउन सकिने देखिन्छ। धान लगाउने गरिएका सुक्खा गरामा कोशेबाली (भटमास) को उत्पादन गर्न सके माटोको उर्वराशक्ति पनि बढाउन सकिन्छ र थप आर्थिक लाभ पनि लिन सकिन्छ।




*चित्र ५: बान्नीगढी जयगढ क्षेत्रको माटोमा अम्लियपना (बायाँ) र प्राङ्गारिक पदार्थ (दायाँ) को अवश्था*

## कृषि

जमिनको उचाईलाई आधार मानेर बान्नीगढी जयगढ गाउँपालिकाको खेती योग्य जमिनलाई तीन बर्गमा बर्गिकरण गर्न सकिन्छ जसमध्य करिब ३ प्रतिशत (१७०० मीटर भन्दा माथि) उच्च पहाडी क्षेत्र रहेको छ। सिंचित खेतहरूमा प्राय धान, गहुँ, तोरी, आलु, मसुरो र तरकारी बाली लगाइन्छ भने असिंचित बारी वा टारहरूमा मकै, तोरी, भटमास, धान, गहुँ, कोदो, जौ आदि खेती गरिन्छ। दोस्रो वर्गमा करिव ४५ प्रतिशत भूभाग (१,००० - १,७०० मीटर सम्म) मध्य पहाडी क्षेत्र पर्दछ। यस क्षेत्रमा पनि धान, गहुँ, मकै, कोदो, आलु, दलहन बाली र तरकारी खेती गरिन्छ। तेस्रो वर्गमा पर्ने १००० मीटर भन्दा तलको क्षेत्रहरूमा विशेषगरी नदी आसपासका फाँटहरू छन् जहाँ धान र गहुँ खेती हुने गरेको छ।

लगभग सबै उचाईका क्षेत्रमा गरेर करिब ५२ प्रतिशत घरधुरी पशुपालनमा संलग्न छन्। अधिकांश घरधुरीले बाखा पाल्ने गरेका छन् भने भैसी र गाई पालन हाल कम हुँदै गइरहेको स्थिति छ। स्थानीय कुखुरा पनि केही संख्यामा घरायसी प्रयोजनका लागि पाल्ने चलन छ भने व्यावसायिक रुपमा ब्रोइलर कुखुरा पाल्ने कृषकको संख्या बढ्दै गएको पाइन्छ।

कृषि उत्पादनको अवस्थालाइ विश्लेषण गर्दा, यहाँ लगाइने प्रमुख बालीहरू धान, गहुँ, मकै, कोदो र आलु र मध्ये, कोदो वाहेक अन्य सबै बालीहरुको उत्पादनको स्तर राष्ट्रिय औषत भन्दा कम देखिन्छ। व्यावसायिक कृषिको अवश्था हेर्ने हो भने हालसालै बढदै गइरहेको ताजा तरकारी उत्पादन बाहेक अन्य कुनै स्थानीय उत्पादन उल्लेख्य मात्रामा विक्रि वितरणमा हुने गरेको देखिदैंन। ताजा तरकारी उत्पादनमा संलग्न कृषक केही संख्यामा देखिएतापनि उत्पादनको मात्रा अत्यन्त न्यून भएको र नियमित उत्पादन गर्ने अवस्थामा पनि नभएका कारणले बजारमा स्थानीय उत्पादनले निरन्तरता पाउन सकेको छैन। त्यसैले गाउँपालिका क्षेत्रमा ताजा तरकारी व्यावसायको समग्र आर्थिक योगदान पनि न्यून छ।

## स्वास्थ्य र सरसफाई

बान्नीगढी जयगढ क्षेत्रका बासिन्दामा स्वास्थ्य र सरसफाई सम्बन्धी आवश्यक ज्ञानको कमी रहेको पाईएको छ। विपन्न बर्गका परिवारको व्यवहार परिवर्तनलाई लक्षित गरी खाद्य विविधिकरण, सरसफाई, स्वच्छ खानेपानी सम्बन्धि योजनाहरू सञ्चालनमा ल्याउन अत्यन्त आवश्यक देखिन्छ।

## भौतिक पूर्वाधार

बान्नीगढी जयगढ गाउँपालिकाका सबै वडाहरू सडक सञ्जालमा जोडिएका छन्। सडक सञ्जालको वर्तमान अवस्था अनुसार यस गाउँपालिका अन्तर्गत १२२.६६ कि.मि. लम्बाई सडक निर्माण भएको छ। जसमध्ये ७२.६ कि.मि. (अनुमानित) सडक निर्माणाधीन अवस्थामा छन् भन्ने करिब ५० कि.मि. सडक नियमित सञ्चालनमा रहेको छ। सडक विकासलाई गाउँपालिकाले भविष्यमा पनि प्राथमिकतामा राखेकाले यसले कृषिलाई व्यवसायिक बनाउन अत्यन्तै सहयोगी भूमिका खेल्न सक्ने देखिन्छ।

यस गाउँपालिकाका सबै वडाहमा सिंचाईका कुलाहरु सञ्चालनमा छन्। कुल ९० वटा सिंचाईका पुर्वाधारहरू मध्ये ६४ वटा सिंचाई कुला र २६ वटा सिंचाई पोखरी रहेका छन्। जसबाट ११४० हेक्टर खेती योग्य जमिन सिंचित भईरहेको छ। यद्यपि थप

क्षेत्रमा सिंचाईको सुविधा विस्तार गर्ने, भइरहेका कुलाहरुको स्तरोन्नती गर्ने र सम्भाव्यता अध्ययन गरी पानी लिफ्ट गर्ने परियोजनाहरू पनि सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**सहकारी संस्था, निजी व्यवसाय र बजार व्यवस्था**

यस गाउपालिकाका सबै वडाहरूमा गरी ६ वटा सहकारी संस्थाहरू सञ्चालनमा छन् । त्यसै गरी ३ वटा एग्रोभेट, २ वटा कृषि उपज संकलन केन्द्र, ३५ वटा मासु पसल, १ वटा मसाला प्रशोधन मिल र १ वटा दूध डेरी सञ्चालनमा रहेका छन । फलफूल तथा तरकारी पसल ४ वटा रहेका छन । व्यापारिक केन्द्रको रुपमा जयगढ बजार, बयालपाटा, नगरदर्ना, कैलाश खोला र बाजकोट विकसित भईरहेका छन । गाउँपालिकाको कृषि क्षेत्रको विकास गर्ने योजना अनुरुप अगाडि बढ्नका लागि निजी क्षेत्रसँग सहकार्य गरी भएका व्यवस्था तथा संरचनको क्षमता र गुणस्तर बढाउने तथा थप पुर्वाधारहरु जस्तै चिस्यान केन्द्र, शित भण्डार, कृषि बजर आदिको विकास गर्नु अपरिहार्य देखिन्छ ।

यस गाउँपालिकाका सवै वडामा एक-एक वटा कृषि सहकारी तथा बहुउद्देश्यसंस्थाहरू सञ्चालनमा भएतापनि ती सहकारीहरू बजार प्रवर्धनको क्षेत्रमा ठोसरुपमा अगाडि बढ्न सकेका छैनन् । सहकारीहरूले बचत तथा ऋण परिचालन लगायत परियोजनाबाट अनुदानमा प्राप्त सामाग्रीहरूको विक्रीवितरण गर्ने गरेतापनि व्यावस्थित रुपमा आवश्यकता वमोजिम कृषि सामग्री आयात तथा विक्री गर्न र उत्पादित वस्तुहरूको सङ्कलन तथा निर्यात गर्न सकिरहेका छैनन् । एउटा सहकारी संस्थाले दैनिक उपभोगका सामाग्रीहरू र अर्को एउटा सहकारी संस्थाले आफ्नो गाडी खरीद गरेर मसला प्रशोधन मिल सञ्चालन गरिरहेको छ । यस्तैखाले कृषि उपज प्रशोधन वा मूल्य अभिवृद्धि र बजारिकरणमा उनिहरूलाई थप प्रोत्साहन या सहयोग गरी समग्र गाउँपालिकाको कृषि उपजको बजारीकरणका लागि सहकारीहरूले अगुवाइ गर्दै अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

**गैरसरकारी संघसंस्था**

बान्नीगढी जयगढ गाउँपालिकामा विभिन्न स्थानीय तथा वाह्य गैरसरकारी संस्थाहरू कृषि तथा सामाजिक विकासका कार्यहरूमा क्रियाशिल रहेका छन् । रुडेक-नेपालले सुशासन कार्यक्रम, वाक-नेपालले शिक्षा तथा बालबालिका, मालिका विकास संघले सुशासन तथा जीविकोपार्जन सुधार कार्यक्रम, सेतो गुराँस संस्थाले बालविकास सेवा तथा शिक्षा, आर. भि. डब्लु.आर.एम.पि. ले खानेपानी, दलित कल्याण संघले कृषि तथा कृषक अधिकार, पर्वतीय जलाधार संरक्षण कार्यक्रमले जलाधार संरक्षण र सेबक नेपालले स्वास्थ्य र शिक्षा क्षेत्रमा कार्य गरिरहेका छन । आउँदा दिनमा यस गाउँपालिका भित्र कृषि सम्वन्धी काम गर्ने सम्पुर्ण परियोजना तथा संस्थाहरूलाई यस कृषि तथा पशु विकास रणनीतिको उद्देश्य प्राप्तीमा टेवा पुऱ्याउने किसिमले सहकार्यमा गर्न संयोजन गर्नु आवश्यक छ ।

**कृषि क्षेत्रका मुख्य समस्या र चुनौतीहरू**

समग्र वस्तुस्थिति अध्ययन गर्दा बान्नीगढी जयगढ गाउँपालिकामा कृषि क्षेत्रको विकासमा देखिएका मुख्य चुनौतीहरू निम्न अनुसार छन् ।

क, कृषकहरूमा व्यावसायिक कृषि तथा नयाँ कृषि प्रविधि सम्बन्धी ज्ञानको कमी,

ख, कृषि सामग्री आयातको व्यवस्था तथा कृषि उपज निर्यातका लागि आवश्यक बजार व्यावस्थापन हुन नसक्नु

ग, व्यावसायिक कृषि प्रवर्धन गर्नका लागि स्थानीय स्तरमा ठोस नीति तथा कार्यक्रम नहुनु र

घ, व्यावसायिक उत्पादन तथा बजारिकरणका लागि आवश्यक भौतिक पुर्वाधार नहुनु रहेका छन् ।

गाउँपालिकाको गरिबी निवारण गरी सम्बृद्धि स्थापित गर्ने लक्ष्य प्राप्तिका लागि यी चुनौतिहरूलाई मध्यनजर गरी कृषि विकासको एककृत योजना मार्फत सवै निकाय (पालिका मा कार्यरत सरकारी, गैह्रसरकारी निकायहरू, सहकारीहरू र निजी व्यावसायिहरू) संयुक्त कृषि विकास योजना कार्यान्वयनमा अघि वढ्नुपर्ने आवश्यकता देखिन्छ ।

## ४. रणनीतिक दिशा

**परिकल्पना**

कृषि क्षेत्रको सुधार मार्फत बान्नीगढी जयगढ गाउँपालिकालाई खाद्य सुरक्षित, स्वस्थ र समृद्ध बनाउने ।

**मार्गदर्शक सिद्धान्तहरू**

बान्नीगढी जयगढ गाउँपालिकाको कृषि विकासका रणनीति तथा कार्यक्रमहरू सञ्चालन कार्यविधिलाई निम्न अनुसारका सिद्धान्तहरूले मार्ग निर्देश गरेको छ । यि सिद्धान्तहरू यस रणनीति तथा कार्यक्रम सञ्चालन अवधिभर अवलम्वन गरिने छ ।

१. परम्परागत खेति प्रणालीलाई आवश्यक परिमार्जन गरी व्यावसायिक कृषि तर्फ उन्मुख गराउने,
२. बहुक्षेत्रीय संलग्नता, साझेदारी र संयुक्त लगानीलाई प्रोत्साहन दिने,
३. दिगो र वातावरण मैत्री अभ्यासहरूलाई प्राथमिकता दिने,
४. परिवर्तनका लागि समुदायको सशक्तिकरणलाई मुख्य आधारका रुपमा अवलम्वन गर्ने र
५. महिला तथा पिछडिएका बर्गलाई सदैव प्राथमिकतामा राखि काम गर्ने

**लक्ष्य**

३.१ खाद्यान्नको उत्पादन बढाई आयात न्यूनिकरण गर्ने र गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउने,
३.२ व्यवसायिक कृषि र पशुपालन मार्फत कृषक समुदायको आम्दानी बढाने र गरिवी निवारणमा टेवा पुऱ्याउने,
३.४ बदलिंदो परिस्थिति अनुसार महिला मैत्री तथा वातावरणमैत्री कृषि प्रविधिहरूको प्रवर्धन गरी कृषिलाई सजिलो र दिगो बनाउन मद्दत पुऱ्याउने ।

## ५. कार्यक्रमहरू

बान्नीगढी जयगढ गाउँपालिकाको समग्र कृषि तथा पशुपालन क्षेत्रको विकास लक्ष्य प्राप्तिका लागि निम्नअनुसार चारवटा कार्यक्रमहरू लागु गरिने छ ।

१. खाद्य सुरक्षा तथा जीविकोपार्जन सुधार कार्यक्रम,
२. व्यावसायिक कृषि तथा पशुपालन कार्यक्रम,
३. कृषि बजार तथा पूर्वाधार विकास कार्यक्रम र
४. कृषक समूह, सहकारी तथा निजी व्यावसायिहरूको क्षमता अभिबृद्धि कार्यक्रम ।

### १. खाद्य सुरक्षा तथा जीविकोपार्जन सुधार कार्यक्रम

जीविकोपार्जन सहयोग कार्यक्रम बान्नीगढी जयगढ गाउँपालिकाका समस्त कृषक समूदायको खाद्य सुरक्षाको अवस्था सुधारमा लक्षित हुनेछ । यसका लागि आन्तरिक कृषि उत्पादन बढाउने र आयात घटाउने लक्ष्य अनुरुप विविध कृयाकलापहरू सञ्चालन गरिने छ । यस कार्यक्रम अन्तर्गत हाल खेती भइरहेका अन्न तथा तरकारी बालीहरूको उत्पादन तथा उत्पादकत्व बढाउनुका साथै साना तथा विपन्न किसान परिवारका लागि आम्दानी बढाउने खालका कृयाकलापहरू लागु गरिने छ ।

तालिका २: जीविकोपार्जन सुधार कार्यक्रम कार्ययोजना

| क्र.स. | मुख्य कृयाकलाप | सहायक कृयाकलाप | संक्षिप्त कार्यविधि | लक्षित समुह/स्थान | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | पारिवारिक पोषण तथा आय आर्जनका लागि घरबगैंचा | - पोषिला तरकारी तथा फलफूलका वीउ/ विरुवा सहयोग | - प्रति घरधुरी प्रति सिजन ५ थरीका पोषिला तरकारीको बीउ र ५ थरीका हावापानी सुहाउदा | ६ वटै वडाका विपन्न समुदायहरू | १००००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - स्थानीय कुखुराको चल्ला सहयोग गर्ने<br>- घरवगैंचा व्यवस्थापन तालिम<br>- अतिरिक्त उत्पादनको वजारीकरणका लागि सहयोग | फलफूलका बिरुवा वितरण गर्ने - तीन वर्षसम्म लगातार<br>- प्रति घरधुरी १० वटा डुवल परपोस कुखुराका चल्ला वितरण गर्ने-एक पटक<br>- समूह स्तरमा उन्नत जातको बीउ बोका उपलब्ध गराउने<br>- सहकारी मार्फत बजारीकरण गर्न सहयोग गर्ने<br>- कार्यक्रम ४ वमोजिम तालिम सञ्चालन गर्ने | | |
| २ | उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम | - धान र गहुँका उन्नत जातहरूको प्रवर्धन<br>- माटोमा प्राङ्गारिक पदार्थ बढाउनका लागि कम्पोष्ट तथा गोठेमल सुधारमा सहयोग | - सहकारीहरू मार्फत त्यस क्षेत्रका लागि सिफरीस गरिएका उल्लेखित बालीहरुका बीउको ढुवानी र परल मुल्यको ५० प्रतिशत अनुदानमा बीउ उपलब्ध गराउने<br>- कार्यक्रम ४ वमोजिम तालिमहरु संचलन गर्ने<br>- कम्पोष्ट उत्पादन तथा गोठेमल सुधारमा अनुदान सहयोग उपलब्ध गराउने | ६ वटै वडा | १००००००० |
| ३ | बान्नीगढी जयगढ बीउ आत्मनिर्भर कार्यक्रम | - धान, गहुँ र भटमासको बीउ उत्पादन तालिम<br><br>- स्रोत/मुल बीउमा सहयोग | - बीउ उत्पादक सहकारी छनोट गर्ने,<br>- विज्ञहरूको संलग्नतामा बीउ उत्पादन योजना तयार गर्ने,<br>- बीउ उत्पादन योजना अनुसार स्रोत/मुल बीउ सहयोग गर्ने<br>- शुद्ध, गुणस्तरीय बीउ उत्पादन तालिम सञ्चालन गर्ने,<br>- सहकारीमा बीउ भण्डारण तथा अन्य भौतिक पुर्वाधारको विकास गर्ने,<br>- कृषि ज्ञान केन्द्रबाट बीउ कारोवारको अनुमति प्राप्त गर्ने,<br>- उत्पादित बीउको बिक्री व्यवस्थापनका लागि कृषक समूह, सहकारीहरू, एग्रोभेटहरू र अन्य बीउ कम्पनिहरूसँग समन्वय गराउने । | वडा नं ५ , ६ र १<br>कैलास फाँट, गाज्रा, जनालिकोट | १००००००० |

## २. व्यवसायिक कृषि तथा पशुपालन कार्यक्रम

यस कार्यक्रमले व्यावसायिक उद्देश्य राखेर लगानि गर्न उत्सुक कृषकहरुलाई लक्षित गर्दछ । युवा बर्गलाई विषेश प्राथमिकतामा राखि बजार व्यवस्थापनको अधिकतम सम्भावना भएका क्षेत्रमा यो कार्यक्रम सञ्चालन गरिने छ । हावापानी तथा माटो सुहाउँदो

क्षेत्र हेरी जम्मा ६ किसिमका मुल्य श्रृखला (Value Chain) को विकासका लागि पकेट क्षेत्रमा आधारित उत्पादन तथा बजारीकरण सम्बन्धी कामहरू गर्ने योजना यस कार्यक्रम अन्तर्गत समेटिएको छ ।

तालिका ३: व्यावसायिक कृषि तथा पशुपालन कार्यक्रम कार्ययोजना

| क्र. स. | मुख्य कृयाकलाप | सहायक कृयाकलाप | संक्षिप्त कार्यविधि | लक्षित समूह/स्थान | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | आलु मुल्य श्रृंखला विकास | - उन्तत बीउमा आंशिक अनुदान<br>- स्थानीय स्तरमा आलुको बीउ उत्पादनका लागि सहयोग (पि वि एस आलु तथा तालिम)<br>- बीउ आलु भण्डारणका लागि रस्टिक स्टोर स्थापना/सुदृढिकरण | - गुणस्तरिय आलुको बीउ ५०% अनुदानमा उपलब्ध गराउने<br>- उत्पादित आलु बजारीकरण गर्न सहकारीहरू र एग्रोभेटहरूसँग समन्वय र सहयोग गर्ने<br>- आलु बिकासमा संलग्न कार्यक्रम वा फार्म वा केन्द्र वा निजि बिक्रेताहरूसँग समन्वय गरी पि. वि. एस. बीउ आलु (PBS) उत्पादक समूहहरूलाई ७५% अनुदानमा उपलब्ध गराउने<br>- कार्यक्रम ४ वमोजिम तालिमहरू सञ्चालन गर्ने | वडा नं १, ३ र ६ का १७०० मी उचाई भन्दा माथिका क्षेत्र (पचङ्ग, छातासेन, दोमर्सा, काँडाकोट) | ५०००००० |
| २ | धनिया (दाना) उत्पादन | - बीउ उत्पादन भण्डारण बोरामा आंशिक अनुदान<br>- धनियाँ उत्पादन तालिम | - व्यावसायीक धनियाँ उत्पादक कृषकहरूका लागि प्रतिफलमा आधारित (२० के जी भन्दा वढि भएमा मात्र) अनुदानको व्यवस्था गर्ने (७५%) र<br>- कार्यक्रम ४ वमोजिम तालिम सञ्चालन गर्ने | वडा नं. २, ४ र ५ का १००० देखि १७०० मी उचाईका क्षेत्र (जनालीकोट, तिम्लसैन, बाजकोट र दर्ना, काडाकोट) | ३०००००० |
| ३ | ताजा तरकारी मुल्य श्रृंखला विकास | - बीउ तथा अन्य लागतका लागि आंशिक अनुदान<br>- तरकारी उत्पादन तालिम | - व्यावसायिक तरकारी (प्याज, लसुन, बन्दा, पाकेको फर्सी, गोलभेडा, खुर्सानी) उत्पादक कृषकहरूका लागि प्रतिफलमा आधारित (५०० केजी भन्दा बढी भएमा मात्र) अनुदानको व्यवस्था गर्ने<br>- कार्यक्रम ४ वमोजिम तालिमहरू सञ्चालन गर्ने | सवै वाडाका मोटर बाटो पुगेका र सिंचाई सम्भावना भएका क्षेत्र - वाङ्नेखेत, सल्सेना, चाफाधारा, वयलपाटा, माझरम्टा, जोगेना, वाझकोट, लिडि, सुगाली, काँडाकोट, तोल्यान) | ४२००००० ० |
| ४ | भटमास उत्पादन | - बीउ तथा अन्य लागतका लागि आंशिक अनुदान | - व्यावसायिक रुपमा भटमास उत्पादन गर्ने कृषकहरूका लागि प्रतिफलमा आधारित (१०० केजी भन्दा बढी भएमा मात्र) अनुदानको व्यवस्था गर्ने<br>- कार्यक्रम ४ वमोजिम तालिम सञ्चालन गर्ने | सवै वडाका ७००–१५०० मी का असिंचित टारहरु -गाञ्रा, जनालिकोट र तिमिल्सेन) | ३०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | व्यावसायिक बाख्रा पालन | - बाख्रा पालनको लागतका लागि आंशिक अनुदान<br>- व्यवसायीक बाख्रा पालन तालिम<br>- स्थानीय स्तरमा प्राविधकहरू तथा औषधि/उपचारको व्यवस्था<br>- डालेघाँस नर्सरी स्थापना | - खरी जातका बाख्रा कम्तिमा २५ वटा पाल्ने कृषकहरूका लागि लागतमा (खोर निर्माणका लागि ५०% सम्म) अनुदान उपलब्ध गराउने<br>- बाख्रा बिमा अनिवार्य गराउने<br>- बोयर जातका बोका १००% अनुदानमा उपलब्ध गराउने<br>- कार्यक्रम ४ बमोजिम तालिम सञ्चालन गर्ने<br>- हरेक वार्डमा कम्तिमा एउटा व्यावसायिलाई औषधि/उपचारको व्यवसाय स्थापना गर्न सहयोग गर्ने (कुखुरा/ गाई/भैंसिका लागि पनि हुनेगरी) | सवै वडाका (दुर्गम क्षेत्रलाई प्राथमिकता) | २००००००० |
| ६ | व्यावसायिक कुखुरा पालन | - कुखुरा पालनको लागतका लागि आंशिक अनुदान<br>- व्यवसायिक कुखुरा पालन तालिम<br>- ह्याचरी तथा ब्रुडर फार्महरूको व्यवस्था<br>- स्थानीय स्तरमा प्राविधकहरू तथा औषधि/उपचारको व्यवस्था | - लोकल जातसँग मिल्दाजुल्दा तर व्यवसायीक उत्पादन गर्न सकिने कुखुराका जात (गिरिराज, साकिनी) पाल्ने कृषकहरूका लागि अनुदानको व्यवस्था गर्ने (४०० भन्दा बढी कुखुरा पालेमा खोर निर्माणमा ७५%)<br>- कार्यक्रम ४ बमोजिम तालिम सञ्चालन गर्ने<br>- स्थानीय व्यावसायिहरूलाई सहयोग गरी एउटा ह्याचरी (५०० चल्ला क्षमताको) र ३ वटा ब्रुडर फार्महरूको स्थापना गर्ने (७५% अनुदान)<br>- हरेक वडामा कम्तिमा एउटा व्यावसायिलाई औषधि/उपचारको व्यवसाय गर्न सहयोग गर्ने ( बाख्राको लागि सहयोग गरिएका व्यवसायीलाई थप प्रशिक्षण र सहयोग उपलब्ध गराउने, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिम) | सवै वडाका (दुर्गम क्षेत्रलाई प्राथमिकता) (१ देखि ६ वडासम्म गर्न सकिन्छ । | १७५००००० |

### ३. कृषि बजार तथा पुर्वाधार विकास कार्यक्रम

बान्नीगढी जयगढ गाउँपालिकाको समग्र कृषि क्षेत्रको दिगो विकासका लागि यहाँको उत्पादन बृद्धि गर्नु जत्तिकै बजार व्यवस्थापन गर्नु पनि महत्वपुर्ण रहेको कुरा महसुस गरि यो छुट्टै कार्यक्रमको सोच अघि बढाइएको छ । यस अन्तर्गत कृषि सहकारीहरु र स्थानीय बजार व्यवसायीको क्षमता अभिवृद्धिमा विशेष जोड दिइने छ । साथसाथै स्थानीय उत्पादनको क्षेत्रीय र राष्ट्रिय स्तरमा पनि बजार समन्वय गर्ने काम गरिने छ । यस कार्यक्रमको सफल सञ्चालन मार्फत स्थानीय स्तरमा सहकारीहरु र निजी

व्यावसायीहरू मार्फत गुणस्तरीय बीउ, रासायनिक मल/विषादी लगायत अन्य सामग्रीहरू उपलव्ध गराउने तथा विविध उत्पादनहरूको बजारिकरण गर्न सहयोग पुऱ्याउने सोच राखिएको छ ।

यसका अतिरिक्त 'कृषि बजार तथा पुर्वाधार विकास कार्यक्रम' अन्तर्गत व्यावसायिक उत्पादन प्रवर्धनका लागि अपरिहार्य किसिमका पुर्वाधारहरू (जस्तै सिंचाइ, सङ्कलन केन्द्र, चिस्यान केन्द्र आदि) विकासका योजना पनि समावेस गरिएका छन् ।

तालिका ४ : कृषि बजार तथा पुर्वाधार विकास कार्यक्रम कार्ययोजना

| क्र. स. | मुख्य कृयाकलाप | सहायक कृयाकलाप | संक्षिप्त कार्यविधि | लक्षित समूह/स्थान | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | सहकारीहरू तथा निजी क्षेत्रको साझेदारीमा व्यवस्थित बजार विकास | - बजार सम्वन्धि सूचना प्रणालीको विकास<br>- सहकारीहरूको बजार ज्ञान र व्यावसायिक रणनीति सम्वन्धि ज्ञान अभिवृद्धि<br>- कृषि उपज सङ्कलन केन्द्रहरू निर्माण/मर्मत तथा सञ्चालनमा सहकारीहरूलाई सहयोग<br>- पालिका स्तरको व्यवस्थित बजार निर्माण | - क्षेत्रीय बजारहरू (धनगढी, दिपायल, साँफेबगर) सँग समन्वय गरी तरकारीको दैनिक मूल्य सूचि स्थानीय स्तरमा कृषकहरू तथा सहकारीका सदस्यहरूलाई जानकारीका लागि उपलव्ध गराउने<br>- कार्यक्रम ४ वमोजिम तालिमहरू सञ्चालन गर्ने र सहकारीहरूको 'व्यवसायिक योजना  बनाउन या अद्यावधिक गर्न मद्दत गर्ने<br>- भएका सङ्कलन केन्द्रहरूलाई स-शक्तिकरण गर्ने र आवश्यक परेमा नयाँ सङ्कलन केन्द्रहरू स्थापना गरी बाह्रै महिना सञ्चालनमा ल्याउन सहयोग गर्ने<br>- पालिका स्तरको कृषि बजार निर्माण गर्ने | हरेक वडामा कम्तिमा एउटा सहकारी<br><br>जयगढ क्षेत्रमा व्यवस्थित बजार | ९०००००० |
| २ | आलु तथा अन्य तरकारीका लागि चिस्यान केन्द्र स्थापना | - करिव ५० टन क्षमताको एक चिस्यान केन्द्रको स्थापना | - स्थानीय निजी लगानिकर्ता वा सहकारी लाई ७५% अनुदान प्रदान गरी चिस्यान केन्द्र स्थापन गर्ने | जयगढ वरपरको क्षेत्र | ९०००००० |
| ३ | पोष्ट हार्भेष्ट प्रसोधन केन्द्र स्थापना | - अदुवा, वेसार लगायत अन्य उत्पादन प्रशोधनका लागि मध्यम स्तरको प्रसोधन केन्द्र स्थापना | - स्थानीय निजी लगानिकर्ता वा सहकारीलाई ७५% अनुदान प्रदान गरी प्रशोधन केन्द्र स्थापना गर्ने | जयगढ वरपरको क्षेत्र | ३०००००० |
| ४ | दुग्ध चिस्यान केन्द्र स्थापना | - गाई/भैसीको दूध सङ्कलन तथा बजारिकरणका लागि आवस्यक दुग्ध चिस्यान केन्द्रको स्थापना | - दुग्ध सहकारी स्थापना गरी ७५ प्रतिशत अनुदानमा चिस्यान केन्द्र स्थापना गर्न सघाउने (५०० ली. क्षमताको) | जयगढ वरपरको क्षेत्र | ३०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कृषि सडक विस्तार | - कृषि उत्पादन बजारीकरणमाका हिसाबले महत्वपूर्ण सडक निर्माण तथा मर्मत/संभार गर्ने | - हरेक वर्ष एउटा कृषि लक्षित सडक निर्माण वा स्तरोन्नतीको योजना सञ्चालन गर्ने | १ देखि ६ नं. वडासम्म टोलटोलमा कृषि सड्क पुराउने । | - |
| ६ | सिंचाई पूर्वाधार विकास | - साना सिंचाईका परियोजना सञ्चालन | - सिंचाईका परियोजना अन्तर्गत, कुलो विस्तार, कुलाको स्तरोन्नती, पानी सङ्कलन, ट्याङ्की निर्माण तथा वितरण सम्वन्धी कृयाकलाप गर्ने<br>- स्थानीयको माग तथा लागत सहभागिताका आधारमा परियोजना पहिचान ताथ प्राथमिकिकरण गर्ने | – | २८000000 |

## ४. कृषक समूह, सहकारी तथा निजी व्यवसायिहरूको क्षमता अभिवृद्धि कार्यक्रम

कृषि क्षेत्रको दीगो विकासका लागि बान्नीगढी जयगढ गाउँपालिका क्षेत्रका किसान समुदाय तथा कृषि उत्पादन तथा बजारिकरणमा संलग्न सहकारीहरू र निजी व्यवसायीहरूको क्षमता विकासका लागि यो कार्यक्रमको अवधारणा अघि सारिएको हो । यस कार्यक्रम अन्तर्गत उल्लेखित निकायहरूका लागि कृषि उपजहरूको उत्पादन, सङ्कलन, व्यवस्थापन तथा वजारिकरण गर्न आवश्यक प्राविधिक तथा व्यवस्थापकीय ज्ञान तथा सीप हस्तान्तरणका कृयाकलापहरू सञ्चालन गरिने छ ।

तालिका ५: किसान समूह, सहकारी तथा निजी व्यवसायीहरूको क्षमता अभिवृद्धि कार्ययोजना

| क्र. स. | मुख्य कृयाकलाप | सहायक कृयाकलाप | संक्षिप्त कार्यविधि | लक्षित समूह/स्थान | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|---|
| १ | बजार सम्बन्धी ज्ञान तथा व्यावसायिक रणनीति (Business Plan) तयारी | - बजारीकरणको ज्ञान तथा व्यावसायिक रणनीति सम्बन्धी तालिम<br>- ग्रेडिङ तथा अन्य पोष्ट हार्भेष्ट व्यावस्थापन सम्बन्धी तालिम | - सवै सहकारिहरूलाई समेटेर सम्बन्धीत विज्ञ व्यक्ति वा संस्था मार्फत बजारीकरणको ज्ञान तथा Cooperative Business Plan सम्बन्धीत तालिम दिने<br>- तालिम पश्चात हरेक सहकारीको छुट्टै Business Plan निर्माण वा परिमार्जन गर्ने<br>- व्यावसायि कृषकहरुलाइ Business Plan सम्वन्धि तालिम दिने<br>- सम्बन्धीत कृषि ज्ञान केन्द्रसँग समन्वय गरी ग्रेडिङ तथा अन्य पोष्ट हार्भेष्ट तालिमहरू सञ्चालन गर्ने | छनौट गरिएका सहकारीहरू तथा तिनका कर्मचारीहरू | २000000 |
| २ | उत्पादन तथा पोष्ट हार्भेष्ट व्यवस्थापन | - घरबगैंचा व्यवस्थापन तालिम | - सम्बन्धीत कृषि ज्ञान केन्द्र तथा अन्य अनुभवि सँस्थासँग समन्वय गरी उल्लेखित | सम्बन्धीत बाली उत्पादक कृषकहरू | ३000000 |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्बन्धी प्राविधिक क्षमता | - ताजा तरकारी (प्याज, लसुन, बन्दा, फर्सी, गोलभेंडा, खुर्सानी, धनियाँ) तथा धनियाँको दाना उत्पादन प्रविधि सम्बन्धि तालिमहरू<br>- कम्पोष्ट तथा गोठेमल सुधार तालिम | तरकारी उत्पादन तालिमहरू सञ्चालन गर्ने<br>- तालिम सञ्चालन गर्दा एक पटकमा २० देखि २५ जना एकै बाली उत्पादन गर्ने व्यवसायिक किसानहरू सम्लग्न गराउने | | |
| ३ | बीउ उत्पादन सम्वन्धी ज्ञान तथा शिप | - अन्नबाली (धान, गहुँ र भटमास) को बीउ उत्पादन<br>- पि. वि. एस. को प्रयोग गरी आलुको बीउ उत्पादन प्रविधिको तालिम | - हरेक बालीका लागि गठन गरिएका बीउ उत्पादन समूहहरू (२५ जनाको समूह ६ वटा) लाई जिल्ला स्थित कृषि ज्ञान केन्द्र वा अन्य विज्ञ निकायसँग समन्वय गरी तालिम प्रदान गर्ने | सम्बन्धीत बीउ उत्पादक कृषक समूहहरू | २००००००० |
| ४ | पशु व्यावस्थापन ज्ञान तथा शिप | - बाखा पालन<br>- कुखुरा पालन<br>- गाई तथा भैंसी पालन | - सम्बन्धीत पशु विज्ञ केन्द्र तथा अन्य अनुभवि सँस्थासँग समन्वय गरी उल्लेखित तालिमहरू मौसम अनुसार सञ्चालन गर्ने | सम्बन्धीत पशु उत्पादक कृषकहरू | २५०००००० |
| ५ | निश्चित व्यावसायी ( उद्यमी) वा तिनका कर्मचारीहरूलाई आवश्यकता अनुसारको ज्ञान तथा शिप | - अदुवा, वेसार तथा अन्य कृषि उत्पादन प्रसोधन<br>- पोल्ट्रि ब्रुडर तालिम<br>- व्याडे बोका व्यवस्थापन<br>- कृषि उपज चिस्यान केन्द्र व्यवस्थापनका लागि आवश्यक प्राविधिक ज्ञान दुग्ध चिस्यान केन्द्र सञ्चालन | - उल्लेखित विषयमा तोकिएको व्यवसायमा सम्लग्न संस्थाका उपयुक्त व्यक्तिहरूलाई सम्बन्धित तालिम सेवा प्रदायक निकाय (सरकारी वा निजि) क्षेत्रसँग समन्वय गरी समूहमा वा छुट्टै तालिम लिने व्यवस्था मिलनउने | - प्रसोधन केन्द्र संचालक/ कर्मचारी<br>- पोल्ट्रि ब्रुडर किसानहरू<br>- व्याडे बोका व्यवस्थापक किसानहरू<br>- चिस्यान केन्द्रहरूका सञ्चालक/ कर्मचारी | २५०००००० |
| ६ | अतिरिक्त कार्यक्रमहरू सँग सम्बन्धीत ज्ञान तथा शिप | - केरा खेती<br>- अलैंची खेती<br>- कागती खेती<br>- सिमी र केराउको बीउ उत्पादन<br>- जलवायू मैत्री गाउँ सम्बन्धी अभिमुखिकरण<br>- विविध औजार तथा उपकरणहरूको प्रयोग सम्बन्धी प्रयोगात्मक | - उल्लेखित विषयमा तोकिएको व्यवसायमा सम्लग्न किसान समूहहरूलाई कृषि ज्ञान सम्बन्धीत तालिम सेवा प्रदायक निकायहरू (सरकारी वा निजी) सँग समन्वय गरी समूहमा वा छुट्टै तालिम लिने व्यवस्था मिलाउने | - | २००००००० |

## अतिरिक्त कार्यक्रमहरू

माथि उल्लेखित चार मुख्य कार्यक्रमहरू बाहेक अन्य केही कार्यक्रमहरू परीक्षणका रुपमा सुरू गरिने छ। सम्भावना भएका तर तत्काल ठूलो लगानी गरी प्रवर्धन गर्ने स्थिति नदेखिएका कार्यक्रमहरू यस अन्तर्गत समेटिएका छन्। केही वर्षको परीक्षण पश्चात राम्रो नतिजा आएका खण्डमा यस्ता कार्यक्रममा लगानी वृद्धि गरी प्रवर्धन गरिने छ।

### १. केरा खेती

समुन्द्र सतह देखि १,००० मिटर भन्दा कम उचाई भएको र सिंचाईको सुविधा पनि भएको वा उपलव्ध गर्न सकिने ठाउँ (वडा नं १ ) लाई केराको पकेट क्षेत्रका रुपमा विकास गरिने छ। यसका लागि किसानलाई समूहमा आवद्ध गरी आवश्यक तालिम तथा सामग्री सहयोग उपलव्ध गराउनुका साथै नजिकका सहकारीहरूसँग सवन्वय गरी बजारिकरणका लागि सहजिकरण गरिने छ। दुई वर्षको प्रयासमा राम्रो नतिजा देखिएमा उस्तै हावापानि र सुविधा भएका अन्य ठाउँमा केरा खेती विस्तार गर्दै लगिने छ।

तालिका ६: केरा खेती प्रवर्धन कार्ययोजना

| मुख्य कृयाकलाप | सहायक कृयाकलाप | संक्षिप्त कार्यविधि | लक्षित समुह/स्थान | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|
| केरा खेती | - बेर्ना तथा अन्य लगानिका लागि आंशिक अनुदान<br>- केरा उत्पादन सम्बन्धी तालिम<br>- बजारिकरणमा सहयोग | - २५ जनाको एउटा समूह गठन गर्ने<br>- ५०% अनुदानमा केराको टिष्यू कल्चर वेर्ना खरिदमा सहयोग गर्ने<br>- बेर्ना ढुवानीमा ९० % अनुदान दिने<br>- कार्यक्रम ४ वमोजिम २ चरणमा ( रोप्ने बेला, हार्भेष्ट गर्ने बेला) तालिम सञ्चालन गर्ने<br>- सहकारीहरूसँग समन्वय गरी बजारिकरणमा मद्दत गर्ने<br>- दुई वर्षको प्रयासमा राम्रो नतिजा देखिएमा उस्तै हावापानि र सुविधा भएका ठाउँमा विस्तार गर्दै लाने | वडा नं. १, गाञ्रा उदगडा वा बड्खेत ( कुनै दुइ ठाउँबाट सुरुगर्ने) | १५००००० |

### २. कफि खेती

हाल कफि उत्पादन शुरु भएका तथा हावापानीका हिसाबले सम्भावित क्षेत्र (८०० देखि १४०० मि उचाई भएका) चाफाधारा, गाञ्रा र कालिकालाई कफिको पकेट क्षेत्रका रुपमा विकास गरिने छ। यसका लागि किसानलाई समूहमा आवद्ध गरी आवश्यक तालिम तथा सामग्री सहयोग उपलव्ध गराउनुका साथै नजिकका सहकारीहरूसँग सवन्वय गरी वजारिकरणका लागि पनि सहजिकरण गरिने छ। चार वर्षको प्रयासमा राम्रो नतिजा देखिएमा उस्तै हावापानि र सुविधा भएका ठाउँमा कफि खेतीको विस्तार गर्दै लगिने छ।

तालिका ७: कफि खेती प्रवर्धन कार्ययोजना

| मुख्य कृयाकलाप | सहायक कृयाकलाप | संक्षिप्त कार्यविधि | लक्षित समूह/स्थान | अनुमानित बजेट (रु) |
|---|---|---|---|---|
| कफि खेती | - नर्सरी स्थापना तथा बीउ व्यवस्थापन<br>- बेर्ना तथा अन्य लगानिका लागि आंशिक अनुदान | - कफिको २ वटा नर्सरीका लागी २ जना व्यवसायीलाई तालिममा सहभागि गराईने छ साथै लगानीमा ५०% अनुदान उपलव्ध गराउने छ। | वडा नं.३, १, ५ र ६ वर्दादेवी, गाञ्रा कालिका र दर्ना | १५००००० |

| | | | | |
|---|---|---|---|---|
